





# CTEVT
## NEWS BULLETIN

२०७९ वर्ष: २० अङ्क: २


### यस अङ्कका आकर्षण


- सम्पादकीय
- समाचार तथा गतिविधि
- परियोजना गतिविधि
- सफलताको कथा
- शिक्षालय परिचय



**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

सानोठिमी, भक्तपुर फोन नं. ०१-६६३०४६९/६६३६१७२, www .ctevt .org .np




**सल्लाहकार**

श्री खगेन्द्र प्रसाद अधिकारी

श्री जीव नारायण काफ्ले

**सम्पादक मण्डल**

श्री विनोद बडाल

डा. कुष्माकर भट्ट

श्री सीमा कुमारी श्रेष्ठ

**कम्प्यूटर डिजाईन**

ई. संगम गौतम

**समन्वय तथा योगदान**

श्री पूर्णभक्त डंगोल

श्री देवदत्त बडु

**प्रकाशक**

सूचना तथा अनुसन्धान महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर

पो.व.नं. ३५४६

फोन नं. ०१-५६३९४५९/६६३६१७२

फयाक्स नं. ०१-६६३०६७९

इमेल : research@ctevt.org.np

website: www.ctevt.org.np

प्रकाशन मितिः २०७९ असोज

# सम्पादकीय

नेपालको संविधानले सबै नागरिकलाई शिक्षा, स्वास्थ्य, श्रम र रोजगारी लगायतका विषयहरुलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । संविधान, आवधिक विकास योजना, दिगो विकास लक्ष्य, राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिवद्धता, राष्ट्रिय नीति, सरकारको बार्षिक नीति तथा कार्यक्रम मार्फत आर्थिक तथा सामाजिक रूपान्तरण गर्ने सङ्कल्प पूरा गर्न शिक्षालाई राष्ट्रिय विकासको मेरूदण्डका रूपमा आत्मसात गरिएको पाईन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवम् समतामूलक पहुँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार पार्ने उद्देश्य राष्ट्रिय शिक्षा नीति २०७६ ले लिएको छ । नेपाललाई वि.सं. २०८७ सम्ममा मध्यम आय भएको देशको रुपमा स्थानान्तरण गर्ने र दिगो विकास लक्ष्यहरू प्राप्त गर्नका लागि आवश्यक दक्ष सीपयुक्त प्राविधिक जनशक्तिको विकास, प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच विस्तार र गुणस्तर सुनिश्चितता कायम गर्नुपर्ने आवश्यकता देखिन्छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले आफ्नो स्थापना काल देखि नै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रमहरुको विकास र विस्तार, घरेलु तथा वैदेशिक श्रम बजारलाई आवश्यक पर्ने आधारभूत एवम् मध्यमस्तरीय प्राविधिक जनशक्तिको आपूर्ति, विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ-संस्थाहरुसँग समन्वय र सहकार्य गरी प्राविधिक शिक्षामा लैङ्गिक तथा सामाजिक सामावेशीकरण सहितको पहुँच विस्तार जस्ता महत्वपूर्ण कार्यहरु सम्पादन हुँदै आएका छन् । श्रम बजारको माग अनुसारका कार्यक्रम निर्धारण, माग र आपूर्ति बीच सन्तुलन, सीप विकास तथा औद्योगिक प्रशिक्षण (एप्रेण्टिसिप), ईन्टर्नसिप एवं कार्यगत तालीम कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन, नियमन, अनुगमन तथा मूल्याङ्कन एवं प्राविधिक तथा व्यावसायिक शिक्षामा समग्र गुणस्तर सुनिश्चितता कायम गरी सीपयुक्त प्राविधिक जनशक्ति उत्पादन, विद्यमान जनशक्तिको सीप तथा दक्षता अभिवृद्धि एवं उद्यमशीलता विकास मार्फत रोजगार, स्वरोजगार वा वैदेशिक रोजगारीका अवसरहरुको सिर्जना गर्ने कार्यमा परिषद् निरन्तर क्रियाशिल रहेको छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सम्पादन भएका विभिन्न कार्यक्रमहरुको बारेमा सुसूचित गराउने उद्देश्यले परिषद्का विविध गतिविधिहरु सहितको त्रैमासिक समाचार बुलेटिन प्रकाशन भएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी सूचना जानकारी, सफलताका कथा, लगायतका नियमित स्तम्भहरू समेटेर प्रकाशन गरिने यो बुलेटिनलाई अझ बढी पठनिय र जानकारीमूलक बनाउन आम पाठक वर्गबाट रचनात्मक सुझाव र पृष्टपोषणको अपेक्षा गर्दछौं । साथै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमसँग सम्बन्धित सन्देशमूलक सामग्री तथा गतिविधिहरु नियमित रूपमा उपलब्ध गराई सहयोग गरिदिनु हुन सबैमा हार्दिक अनुरोध गर्दछौं ।

बिजयादशमी, शुभ दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको हार्दिक मंगलमय शुभकामना !

# विभिन्न महाशाखाबाट सम्पादन भएका कार्यहरु

## प्रशासन महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् पदपूर्ति समितिको मिति २०७६ ।१० ।२४ गते गोरखापत्रमा प्रकाशित पदपूर्ति सम्बन्धी सूचनामा अधिकृतस्तर प्रथम देखि सहायकस्तर द्धितीय श्रेणीका १६४ वटा विज्ञापनहरुको २२५ वटा पदहरुका लागि विज्ञापन प्रकाशित भई सर्वोच्च अदालतमा विचाराधिन रहेकोमा उजूरीकर्ताबाट २०७९ ।०२ ।१६ गते मुद्दा फिर्ता लिई पदपूर्ति समितिको मिति २०७९ ।०२ ।१८ गतेको निर्णयानुसार पदपूर्तिका प्रक्रियाहरु अगाडि बढेको छ ।

जेष्ठता र कार्य सम्पादन मूल्यांकनद्वारा हुने बढुवाको ४५ वटा विज्ञापनबाट ६७ जना उम्मेदवारहरु सिफारिश भई बढुवा नियुक्ति समेत भइसकेको छ। बाँकी रहेका पदहरुको आन्तरिक प्रतियोगिता, खुला तथा समावेशीतर्फका पदहरुमा लोकसेवा आयोगबाट मिति २०७९ ।०५ ।१६ देखि मिति २०७९ ।०६ ।१४ गतेसम्म लिखित परीक्षा सम्पन्न भई नतिजा प्रकाशनको प्रक्रियामा रहेको छ ।

त्यसैगरी परिषद्का आङ्गिक शिक्षालयहरुमा २०८० असार मसान्तसम्मको लागि सेवा करारमा प्रशिक्षक तथा कर्मचारीहरु पदपूर्ति गर्न मिति २०७९ ।०३ ।०८ गते गोरखापत्रमा सूचना प्रकाशित भएकोमा मिति २०७९ ।०८ ।९ र १० गते लिखित परीक्षा सञ्चालन हुने गरी प्रशासन महाशाखाले सूचना प्रकाशित गरेको छ ।

## नीति निर्माण तथा योजना महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतका सबै परिषद् प्रदेश कार्यालय, आङ्गिक शिक्षालयहरु तथा संघीय तहमा रहेको सबै कार्यालय तथा परियोजनाहरुका लागि चालु आर्थिक वर्ष २०७९/८० का लागि विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयन प्रभावकारी, मितव्ययी, औचित्यपूर्ण समेत बनाउनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कार्यालयबाट तयार गरिएको कार्यक्रम कार्यान्वयन कार्यविधि (Program Implementation Manual, PIM) प्रयोगका सम्बन्धमा लेखा उत्तरदायी अधिकारीहरु, लेखा जिम्मेवार अधिकारीहरु तथा स्टोर प्रमुखहरुका बीच अन्तरक्रिया गर्ने वार्षिक कार्यक्रम बमोजिम मिति २०७९ आश्विन ६ र ७ गते मधेश प्रदेश अन्तर्गतका सम्पूर्ण आङ्गिक शिक्षालयहरु सहित मधेश प्रदेश कार्यालयको उपस्थितिमा दुई दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । त्यसैगरी मिति २०७९ आश्विन २४ र २५ गते बागमती प्रदेश अन्तर्गतका सम्पूर्ण आङ्गिक शिक्षालयहरु, बागमती प्रदेश कार्यालय तथा परिषद्का संघीय कार्यालयहरु र परिषद् अन्तर्गतका परियोजनाहरुको लेखा उत्तरदायी अधिकारीहरु, लेखा जिम्मेवार अधिकारीहरु तथा परिषद्का महाशाखा प्रमुखहरूको उपस्थितिमा काभ्रेपलाञ्चोकको धुलिखेलमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।



## तालीम विकास महाशाखा

### एप्रेन्टिसिप तालीमको लागि शिक्षालय छनौट

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को चालु आ.व. २०७९/८० को कार्यक्रम तथा बजेटमा व्यवस्था भए बमोजिम ३२० जनाका लागि औद्योगिक प्रशिक्षार्थी तालीम संचालन गर्न शिक्षण संस्थाहरू सिफारिस गरिएको छ । जसमा दशवटा शिक्षालयले प्रि-डिप्लोमा तहका छ वटा कार्यक्रमहरू सञ्चालन गर्नेछन् । सिफारिसमा परेका शिक्षालयहरू मध्ये परिषद्का आङ्गिक शिक्षालय ५, सामुदायिक विद्यालय (टेक्स) ३ र साझेदारी स्वरुपका २ वटा शिक्षण संस्था रहेका छन् । छनौटमा परेका शिक्षालयहरूमा प्रदेश नं. १ बाट जनप्रिय माध्यमिक विद्यालय, बुढीगंगा, मोरङ्गले इन्फर्मेसन टेक्नोलोजीमा ४०, दमक बहुप्राविधिक शिक्षालय, दमक, झापाले सिभिल इन्जिनियरिङ्गमा २०, मधेश प्रदेश अन्तर्गत प्रसौनी पोलिटेक्निक ईन्ष्टिच्यूट, प्रसौनी, बाराले इलेक्ट्रिकल इन्जिनियरिङ्गमा ४०, निर्मल लामा बहुप्राविधिक शिक्षालय, बर्दिवास, महोत्तरीले होटल मेनेजमेन्टमा २०, गण्डकी प्रदेशबाट शिव माध्यमिक विद्यालय, बुलिङ्टार, नवलपरासीले सिभिल इन्जिनियरिङ्गमा ४०, लुम्बिनी प्रदेश अन्तर्गत भेरी प्राविधिक शिक्षालय, नेपालगंज, बाँकेले अर्लि चाइल्डहुड डेभलपमेन्ट फेसिलिटेसन (इसिडिएफ) मा २०, माध्यमिक विद्यालय तुलसीपुर सेन्टर, तुलसीपुर, दाङ्गले इलेक्ट्रिकल इन्जिनियरिङ्गमा २० र तुलसीपुर बहुप्राविधिक शिक्षालय, तुलसीपुर, हरिपौरी, दाङ्गले इलेक्ट्रिकल इन्जिनियरिङ्गमा ४० र सुदूरपश्चिम प्रदेशबाट शुक्लाफाँटा बहुप्राविधिक शिक्षालय, झलारी, कञ्चनपुरले अटोमोवाइल इन्जिनियरिङ्गमा ४० र धनगढी पोलिटेक्निक ईन्ष्टिच्यूट, धनगढी, कैलालीले होटल मेनेजमेन्टमा ४० कोटा प्राप्त गरेका छन् । उक्त शिक्षालयहरूले स्थानीय उद्योग, व्यवसायीको समन्वय र सहकार्यमा २४ महिने औद्योगिक प्रशिक्षार्थी तालीम (एप्रेन्टिसिप) कार्यक्रम सञ्चालन गर्दछन् । जसमा प्रि-डिप्लोमा तहका आईटिमा ४० जना, सिभिलमा ६० जना, इलेक्ट्रिकलमा १०० जना, अटोमोवाइलमा ४० जना, इसिडिएफमा २० जना र होटल मेनेजमेन्टमा ६० जना गरी जम्मा ३२० जनालाई निःशुल्क तालीम प्रदान गरिनेछ ।

### वैदेशिक रोजगारीबाट फर्केकालाई तालीम

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् र यूएनडीपी नेपाल बीच भएको दुई पक्षीय सम्झौता अनुसार मधेश प्रदेश र लुम्बिनी प्रदेशका वैदेशिक रोजगारीबाट विशेष गरी कोभिड-१९ का कारण रोजगारी गुमाएर स्वदेश फर्किएका नेपाली युवासँग भएका सीप तथा रूचि र द्रुत बजार सर्वेक्षण प्रतिवेदनका आधारमा कृषि, निर्माण र पर्यटनसँग सम्बन्धित पेशागत क्षेत्रमा पाठ्यक्रम निर्माण, गुणस्तर सुनिश्चितता र सीप विकास तालीम सञ्चालन तथा राष्ट्रिय सीप परीक्षण समितिबाट सो को प्रमाणीकरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने सहमति पत्रमा हस्ताक्षर भएको छ । यो कार्यक्रम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र यूएनडीपी नेपाल/स्किल्स परियोजनाको संयोजन तथा ब्रिटिश काउन्सिलद्वारा व्यवस्थित दक्षता परियोजनाको सहयोग र युरोपियन यूनियनको आर्थिक सहायतामा सञ्चालन हुनेछ ।

सम्झौता अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत ३० कार्य दिन (१६० घण्टा) को तह १ को पेशागत तालीमका लागि परिषद्का आठ वटा आङ्गिक शिक्षालयहरूसँग जम्मा २०० जनाका लागि तालीम विकास महाशाखाले सम्झौता गरी तालीमका कार्यक्रमहरू सम्पन्न भएको छ । उक्त तालीम सञ्चालन गर्ने परिषद्का आङ्गिक शिक्षालयहरूमा मधेश प्रदेशबाट लहान प्राविधिक शिक्षालय, लहानले सामुदायिक पशुपालन सहायक, निर्मल लामा बहुप्राविधिक शिक्षालय, बर्दिवासले बरिष्ता (कफी मेकर), वि.पी. मेमोरियल बहु प्राविधिक शिक्षालय, धनुषाले सामुदायिक कृषि सहायक, जय किसान बहुप्राविधिक शिक्षालय, घरहरी, रौतहटले सामुदायिक कृषि सहायक, लुम्बिनी प्रदेशबाट भेरी प्राविधिक शिक्षालय, नेपालगञ्ज, बाँकेले वेल्डर, शहिद कृष्णसेन ईच्छुक बहुप्राविधिक शिक्षालय, दाङ्गले बरिष्ता र नेपाली कुजिन कुक, राप्ती प्राविधिक शिक्षालय, दाङ्गले सामुदायिक कृषि सहायक र सामुदायिक पशुपालन सहायक तथा कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, बुटवलले वेल्डरको तालीम सञ्चालन गर्नेछन् । प्रत्येक शिक्षालयहरूले तोकिएको पेशामा एक समूहमा २० जनाको दरले जम्मा २०० जनालाई तालीम सञ्चालन हुनेछ ।

उक्त तालीम निशुल्क भएको र सबै सहभागीहरूलाई दैनिक आतेजाते यातायात र खाजा खर्च समेत उपलब्ध गराईने व्यहोरा सम्झौता पत्रमा उल्लेख छ । साथै तालीम पश्चात् परामर्श सेवा तथा पेशागत क्षेत्रसँग सम्बन्धित आधारभूत औजार तथा उपकरण वितरण गर्ने, तालीम प्रदायक शिक्षालयले तालीम सम्पन्न गरिसकेपछि ७ दिन सीप परीक्षणको तयारीका लागि शिक्षालयमा पूर्व अभ्यास (रिभिजन प्राक्टिस) सञ्चालन गर्नुका साथै तालीम सम्पन्न भएपछि अनिवार्य रूपमा राष्ट्रिय सीप परीक्षण समितिसँग समन्वय गरी सीप परीक्षण गराउनु पर्नेछ । उक्त अवधिमा सीप परीक्षणलाई मध्यनजर गर्दै पाठ्यक्रमको आधारमा सिकाईको पूनः प्रशिक्षण कक्षा (रिभिजन क्लास) सञ्चालन गर्नुका साथै राष्ट्रिय सीप परीक्षण समितिले सञ्चालन गर्ने सीप परीक्षणकै ढाँचामा नमूना सीप परीक्षण (सिमुलेसन टेष्ट) गराउनु पर्ने सम्झौतामा उल्लेख छ । सो तालीम कार्यक्रम सम्पन्न भई केहीको सीप परीक्षण भैसकेको र केही शिक्षालयमा सीप परीक्षण कार्य भैरहेको छ ।

## पोलिटेक्निक महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को विभिन्न मितिका निर्णय अनुसार परिषद्का आङ्गिक तथा साझेदारी स्वरूपमा कार्यक्रम सञ्चालन गर्ने गरी नयाँ शिक्षालयहरुलाई सम्बन्धन/स्वीकृति प्रदान गरिएको छ। प्राविधिक शिक्षा सञ्चालन गर्न नयाँ अनुमति पाएका आङ्गिक शिक्षालयहरूमा बागमती प्रदेशमा निलकण्ठ बहुप्राविधिक शिक्षालय, धादिङ्ग र सुदूरपश्चिम प्रदेशमा मङ्गलसेन बहुप्राविधिक शिक्षालय, मङ्गलसेन रहेका छन् । यसै शैक्षिक सत्रबाट अध्ययन अध्यापन अनुमति पाएको मंगलसेनमा डिप्लोमा तथा प्रमाण पत्र तहका फार्मेसी र सामान्य चिकित्साको कार्यक्रम सञ्चालन हुने भएको छ भने निलकण्ठमा डिप्लोमा ईन्जिनियरिङ्ग तर्फका अटोमोवाइल र हाईड्रोपावरको पठन पाठन हुनेछ। यससँगै परिषद्का आङ्गिक शिक्षालयको संख्या ६५ पुगेको छ । परिषद् र स्थानीय सरकारसँगको साझेदारीमा सिम्रौनगढ बहुप्राविधिक शिक्षालय, बारा सिमरामा डिप्लोमा कृषितर्फका बाली विज्ञान र पशु विज्ञानका कार्यक्रम पनि यसै शैक्षिक सत्रबाट शुरू हुने भएको छ।

यसैगरी परिषद् र गैर नाफामूलक सार्वजनिक गुठी तथा प्रतिष्ठानहरूसँगको साझेदारीमा प्राविधिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने गरी छ वटा नयाँ शिक्षण संस्थाहरूले सम्बन्धन/स्वीकृति पाएका छन्। यसैबर्ष देखि विद्यार्थी भर्ना अनुमति पाएका साझेदारी स्वरूपमा सञ्चालित नयाँ संस्थाहरूको नाम र सञ्चालन हुने कार्यक्रममा (१) दिनेश चौधरी स्मृति प्रतिष्ठान, सुनसरी; डिप्लोमा ईन सिभिल इन्जिनियरिङ्ग र कृषि बाली विज्ञान, (२) शहिद रामबृक्ष यादव प्राविधिक प्रतिष्ठान, गौशाला, महोत्तरी; डिप्लोमा इन जियोमेट्रिक्स, पशु विज्ञान र फार्मेसी, (३) वालिङ्ग स्कोलार्स फाउण्डेसन वालिङ्ग, स्याङ्जा; डिप्लोमा ईन हाइड्रोपावर र फार्मेसी, (४) आलमदेवी (पुरानो नाम कालीगण्डकी) बहुप्राविधिक शिक्षालय, स्याङ्गजा; डिप्लोमा ईन सिभिल इन्जिनियरिङ्ग, (५) जिवराज आश्रित स्मृति शैक्षिक केन्द्र, बुटवल, रूपन्देही; डिप्लोमा ईन बायोमेडिकल इन्जिनियरिङ्ग, सिभिल, हाइड्रोपावर र फार्मेसी र (६) दुर्गादेवी सामुदायिक विकास केन्द्र, कमल नगरपालिका, झापा; डिप्लोमा कृषि तर्फ बाली विज्ञान र पशु विज्ञान रहेका छन् । परिषद् अन्तर्गत साझेदारी स्वरूपमा सञ्चालित बहुप्राविधिक शिक्षालयहरूको संख्या ४९ पुगेको छ।

## सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को विभिन्न मितिमा सामुदायिक विद्यालयहरुमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गर्न सम्बन्धन/स्वीकृति प्रदान गरेको छ । प्राविधिक शिक्षा सञ्चालन गर्न नयाँ सम्बन्धन/स्वीकृति पाएका सामुदायिक विद्यालयहरूमा प्रदेश नं. १ मा ६, मधेश प्रदेशमा ४०, बागमती प्रदेशमा १२, गण्डकी प्रदेशमा ३, लुम्बिनी प्रदेशमा ६, कर्णाली प्रदेशमा ६ र सुदूरपश्चिम प्रदेशमा ४ गरी जम्मा ७७ वटा रहेको सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा महाशाखाले जनाएको छ। यी शिक्षालयहरूले स्वास्थ्य शिक्षा बाहेकका कृषि, ईन्जिनियरिङ्ग र पर्यटनसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने छन् । जसमा कृषि तर्फ बाली विज्ञान, पशु विज्ञान र फुड एण्ड डेरी टेक्नोलोजी छन् भने इन्जिनियरिङ्गमा सिभिल, कम्प्युटर, जियोमेट्रिक्स, हाइड्रोपावर, ईन्फरमेसन टेक्नोलोजी र पर्यटन तर्फ होटल मेनेजमेन्ट रहेका छन् ।

## परीक्षा नियन्त्रण कार्यालय

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतका प्रि-डिप्लोमा, डिप्लोमा तथा प्रमाण पत्र तहका प्राविधिक शिक्षामा शैक्षिक सत्र २०७९/८० को पूर्ण शुल्किय तथा वर्गिकृत छात्रवृत्तिको लागि नयाँ विद्यार्थी भर्नाको लागि प्रवेश परीक्षा सञ्चालन तथा विद्यार्थी भर्ना सम्बन्धी निर्देशिका २०७९ अनुसार परीक्षा नियन्त्रण कार्यालयले नयाँ भर्ना तथा प्रवेश परीक्षाको सूचना प्रकाशन, प्रवेश परिक्षा सञ्चालन गरी प्रकाशन समेतको कार्य सम्पादन गरिसकेको छ । नयाँ विद्यार्थी भर्नाको लागि परिषद्का सबै प्रदेश कार्यालयले प्रवेश परिक्षा सञ्चालन तथा नतिजा प्रकाशन गरेका हुन् । तोकिएका संख्यामा विद्यार्थी भर्ना नभई कोटा रिक्त रहेका शिक्षालयहरूले वैकल्पिक सूचीमा रहेका विद्यार्थीहरूबाट आवेदन माग गर्न सार्वजनिक सूचना प्रकाशित गरी भर्ना प्रक्रिया शुरू गरेका छन् भने दशै, तिहार र छठ पर्वको विदा पश्चात् नयाँ शैक्षिक सत्रको पठन पाठन शुरू गर्न सबै शिक्षालयहरूमा पनिकाले निर्देश गरेको छ।

यसका साथै विगतमा भएका इन्जिनियरिङ्ग, कृषि, स्वास्थ्य तथा होटल मेनेजमेन्ट तर्फका छैठौं सेमेष्टर तथा तेस्रो बर्षको वार्षिक परीक्षाको नतिजा प्रकाशनको अन्तिम चरणमा रहेको अन्य परीक्षाको नतिजा क्रमशः प्रकाशन हुने समेत पनिकाले जनाएको छ।

**प्राविधिक शिक्षामा साझेदारी, सरोकारवाला सबैको जिम्मेवारी**

## स्तर निर्धारण तथा सम्बन्धन महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सम्बन्धन/स्वीकृति लिई स्वास्थ्य तर्फका प्रि-डिप्लोमा (प्रा. एसएलसी) तहका अनमी, सिएमए, ल्याब असिष्टेन्ट र आयुर्वेद सहायकका कार्यक्रमहरू चिकित्सा शिक्षा ऐन २०७५ अनुसार फेजआउट भएकोमा सो संस्थाहरूले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् तथा चिकित्सा शिक्षा आयोगले निर्धारण गरेको मापदण्ड तथा पूर्वाधारहरुको आधारमा पहिलो चरणमा स्तरोन्नतिका प्रक्रिया पूरा गरी कोटा निर्धारण गरेका डिप्लोमा तथा प्रमाण पत्र तहका कार्यक्रमको लागि ४० वटा शिक्षण संस्थाहरूमा यसै शैक्षिक सत्रदेखि नयाँ भर्ना खुलेको छ । जसमा प्रमाण पत्र तह नर्सिङ, सामान्य चिकित्सा, ल्याब टेक्नोलोजी, रेडियोग्राफी, फिजोइथेरापी र आयुर्वेद लगायतका ५३ वटा कार्यक्रम छन् ।

यसैगरी परिषद्को पाठ्यक्रम अनुसारका विविध कार्यक्रमहरुमा ८७ वटा तालीम प्रदायक संस्थाहरुलाई परिषद्ले निर्धारण गरेको मापदण्ड अनुसार छोटो अवधिको तालीम संचालन गर्न सम्बन्धन/स्वीकृति प्रदान गरेको छ भने विगतमा २० कोटामा नर्सिङ कार्यक्रम सञ्चालन गरेका ३ वटा शिक्षण संस्थाको २० कोटा थप गरिएको छ ।

यसका साथै परिषद् कार्यालयले २०६९ सालमा डिप्लोमा तथा प्रमाणपत्र तहका प्राविधिक शिक्षाका कार्यक्रमहरु सञ्चालनको लागि प्रस्तावना माग गरिएका शिक्षण संस्थाहरूलाई आफूले पेश गरेका प्रस्तावनाहरू अद्यावधिक गर्न मिति २०७९।०६।२७ गते सार्वजनिक सूचना प्रकाशन गरेको थियो । प्रकाशित सूचना अनुसार संस्था दर्ता प्रमाण पत्र, प्रबन्ध पत्र, नियमावली, संस्था नविकरण, कर चुक्ता र परिषद् कार्यालयमा पेश गरेका कार्यक्रम तथा नगद रसिद लगायतका आवश्यक सम्पूर्ण विवरणहरू सहित अध्यावधिक गर्न यही कार्तिक १६ गतेको समयावधी दिइएको छ । उक्त समयभित्र अध्यावधिक नगर्ने वा तोकिए बमोजिमको कागजात पेश नगर्ने संस्थाको सम्बन्धन प्रक्रिया उपर कुनै कारवाही नहुने स्तर निर्धारण तथा सम्बन्धन महाशाखाले जनाएको छ । निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने विवरणहरू परिषद्को वेभसाइटमा प्रकाशित गरिएको छ ।

## पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखाद्वारा परिमार्जन गरिएका पाठ्यक्रमहरू प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, पाठ्यक्रम समितिको विभिन्न मितिमा सम्पन्न बैठकबाट स्वीकृत भई यसै शैक्षिक सत्र २०७९/८० बाट लागू गर्ने निर्णय गरेको छ। परिषद्का आङ्गिक, साझेदारी, सामुदायिक एवं सम्बन्धन प्राप्त निजी शिक्षण संस्थाहरूमा अनिवार्य रुपमा डिप्लोमा तथा प्रि-डिप्लोमा तहका पाठ्यक्रमहरू अध्ययन अध्यापन गराउनु हुन सम्बन्धित सबै संस्था, सञ्चालक, प्राचार्य, प्रशिक्षक एवं विद्यार्थीहरूमा जानकारीको लागि सूचना प्रकाशित भएको । परिमार्जित भएका पाट्यक्रमहरू मध्ये शैक्षिक सत्र २०७९/०८० मा भर्ना हुने समूहका लागि डिप्लोमा ईन सोसियल वर्क्स र प्रि-डिप्लोमा ईन कुलिनरी आर्टस रहेको छ भने ३ वर्षे डिप्लोमा इन्जिनियरिङ्ग तर्फ १२ वटा कायक्रमहरूको शैक्षिक सत्र २०७८/०७९ मा प्रथम बर्षको पहिलो सेमेष्टरमा भर्ना भएको समूहका विद्यार्थीहरूले तेस्रो सेमेष्टर देखि छैठौ सेमेष्टरको लागि परिमार्जित पाठ्यक्रमको प्रयोग गर्नु पर्नेछ । परिमार्जित पाठ्यक्रमहरूमा डिप्लोमा ईन्जिनियरिङ्ग तहका मेकानिकल, ईलेक्ट्रोनिक्स, इलेक्ट्रिकल, ईन्फरमेसन टेक्नोलोजी, जियोमेट्रिक्स, कम्प्युटर, अटोमोवाइल, आर्कटेक्चर, इलेक्ट्रिकल एण्ड ईलेक्ट्रोनिक्स, रेफ्रिजेरेसन एण्ड एयर कण्डिसनिङ्ग, हाइड्रोपावर र मेकाट्रोनिक्स इन्जिनियरिङ्ग रहेका छन् ।

यसका साथै डिप्लोमा ईन हाइड्रोपावर ईन्जिनियरिङ्गको नाम परिवर्तन गरी डिप्लोमा ईन सिभिल ईन्जिनियरङ्ग (स्पेसिलाइज्ड ईन हाइड्रोपावर ईन्जिनयरिङ्ग) कायम गरिएको पाठ्यक्रम विकास तथा समकक्षता महाशाखाले जनाएको छ । परिमार्जित पाठ्यक्रमहरू परिषद्को वेवसाइट www.ctevt.org.np बाट सिधै डाउनलोड गर्न सकिन्छ । उक्त महाशाखाले परिमार्जित पाठ्यक्रमको प्रयोग सम्बन्धमा परिषद्को प्रदेश कार्यालय मार्फत सबै शिक्षण संस्थाहरूलाई भर्चुअल माध्यमबाट प्रवोधिकरण समेत गराईसकेको महाशाखाले जनाएको छ ।



# नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत राष्ट्रिय सीप परीक्षण समितिले नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाको सहयोगमा पूर्व सिकाईको मान्यता (Recognition of Prior Learning, RPL) विधिबाट सीप परीक्षण गर्ने कार्य शुरु गरेको छ । यसका लागि राष्ट्रिय सीप परीक्षण समिति र परियोजनाको संयुक्त पहलमा बागमती प्रदेश र प्रदेश एकका सामाजिक विकास मन्त्रालयले सहकार्य गर्दै आएको छ ।

पूर्व सिकाईको मान्यता विधिबाट एकाइगत प्रमाणपत्रका लागि पहिलो चरणमा कन्सट्रक्शन मेशन तह २, प्लम्बर तह २, वेल्डर तह २, बिल्डिङ्ग पेन्टर तह २, गार्मेन्ट फेब्रिकेटर तह १, टायल एण्ड मार्बल फिक्सर तह १ का गरी ६ वटा पेशाहरूमा आवेदन आव्हान गरेकोमा १०१० जना बाट आवेदन संकलन भई सीप परीक्षण कार्यको प्रक्रिया शुरू भएको छ ।

औपचारिक तालीम नलिई अन्य कुनै माध्यमबाट आर्जन गरेको सीप तथा ज्ञानको मूल्याङ्कन गरेर सीपको तहगत मान्यता प्रदान गर्ने विधि नै पूर्व सिकाईको मान्यता हो । स्वदेश तथा वैदेशिक रोजगारीका क्रममा विभिन्न उद्योग, कलकारखाना तथा कम्पनीहरूमा काम गर्दा हासिल गरेका व्यावसायिक सीप र अनुभवका आधारमा विभिन्न पेशागत सीपको परीक्षण र प्रमाणीकरण गर्ने गरिन्छ । संसारका थुप्रै देशहरु जस्तै; अस्ट्रेलिया, बेलायत, मलेशिया, क्यानेडा, फ्रान्स, श्रीलंका, पाकिस्तान आदिमा पूर्व सिकाईको मान्यता विधि स्थापित भैसकेको छ ।

व्यक्तिले औपचारिक वा अनौपचारिक शिक्षा वा तालीम लिने अवसर नपाएपनि व्यवहारिक रुपमा विभिन्न पेशा, व्यवसायमा आवद्ध भई व्यावसायिक सीप तथा अनुभव प्राप्त गरेको हुन्छ । एउटै पेशामा लामो समयसम्म रहँदाको व्यवहारिक अनुभव र काम गर्दै सिकेर प्राप्त गरेका सीप, दक्षता मूल्याङ्कन नहुँदा व्यक्तिको योग्यताको पहिचान र मान्यता नपाएको कारण विभिन्न अवसर हरुबाट बन्चित हुनु परेको अवस्था विद्यमान छ । यस प्रकारको समस्या समाधान गर्ने र सीपयुक्त व्यक्तिको सीपको मान्यता तथा रोजगारको अवसर बृद्धि गर्ने उद्देश्यले नेपालमा पनि पूर्व सिकाईको मान्यता विधिद्वारा सीप परीक्षण गरी एकाईगत तथा पूर्णयोग्यताको प्रमाणपत्र प्रदान गर्ने कार्यविधि तयार भैसकेको छ ।




यो विधिबाट सीप परीक्षण गर्न ईच्छुक व्यक्तिसँग शुरूमा सीपसँग सम्बन्धित परामर्श गर्नुपर्ने हुन्छ । परामर्शको लागि राष्ट्रिय सीप परीक्षण समितिले सीप परामर्शकर्ताको नियुक्ति गरी परामर्श सेवा सुरू गरेको छ । समितिले प्रदेश एक र बागमती प्रदेशमा यससँग सम्बन्धित काम शुरू गरिसकेको छ भने गण्डकी, लुम्बिनी र मधेश प्रदेशमा पनि पूर्व सिकाई मान्यता विधिबाट सीप परीक्षणका लागि आवेदन आव्हान गरेको छ ।

## ENSSURE परियोजना

नेपाल सरकार र स्वीस सरकारबीच भएको द्विपक्षीय सम्झौता बमोजिम दिगो तथा सम्मानित रोजगारीका लागि सीप (इन्स्योर) परियोजना कार्यान्वयन रहेको छ । परियोजनाको प्रथम चरण सन् २०१६-२०२१ सम्म प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्द्वारा कार्यान्यवन भएको हो भने दोश्रो चरणको कार्यान्वयनमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्रदेश १, बागमती प्रदेशका सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशको शिक्षा तथा खेलकुद मन्त्रालय र यी तीन प्रदेश अन्तर्गतका ३३ वटा गाउँ तथा नगरपालिका रहेका छन् । परियोजनाको दुवै चरणको प्राविधिक सहयोग हेल्भेटास नेपालले प्रदान गरेको छ ।

संघीय तहले परियोजनाका क्रियाकलाप कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय तहलाई आवश्यक सहजीकरण एवं सहयोग प्रदान गर्नेछ । प्रदेश तथा स्थानीय तहलाई योजना तथा बजेट निर्माणमा सहजीकरण, परियोजना क्रियाकलाप अनुगमन सम्बन्धी क्षमता अभिवृद्धि गोष्ठी तथा प्रगति प्रतिवेदन तयारी सम्बन्धी अभिमुखीकरण गोष्ठी सम्पन्न भएका छन् भने तीन वटै प्रदेशमा परियोजना निर्देशक समिति (पिएससी), परियोजना कार्यान्वयन समिति (पिआइसी) र परियोजना समन्वय तथा कार्यान्वयन इकाई (पिसिआईयू) गठन भैसकेको छ । विभिन्न पेशागत संघ, संस्था, उद्योगी, व्यवसायी, रोजगारदाता तथा तालीम प्रदायक संस्थाको सहभागितामा उपयुक्त तालीमका विषय पहिचान तथा छनौट गरिएको छ । सामाजिक विकास मन्त्रालय मार्फत संचालन हुने औद्योगिक प्रशिक्षार्थी तालीमका लागि शिक्षालय छनौट भएको छ ।

## एप्रेन्टीसिप तालीम संचालन

परियोजना अन्तर्गत प्रि-डिप्लोमा तहको २४ महिने औद्योगिक प्रशिक्षार्थी (एप्रेन्टीसिप) तालीमको अन्तिम परीक्षामा ७१७ प्रशिक्षार्थी सहभागी भएका र उनीहरू हाल उद्योगमा कार्यरत छन् भने १३ वटा शिक्षालयमा ४९४ जना प्रशिक्षार्थीहरु प्रशिक्षणमा सहभागी छन् । शैक्षिक सत्र २०७९/८० मा निर्धारित ११८० जनाको लागि तीन वटै प्रदेशमा प्रशिक्षार्थी भर्ना छनौट कार्यक्रम (Hire an apprentice) सम्पन्न भैसकेको छ । तालीम प्रदायक शिक्षालयमै उद्योग संघका प्रतिनिधिहरू पुगेर तालीमका सहभागी छनौट गर्ने उक्त कार्यक्रमको व्यवस्थापन शिक्षण संस्था, रोजगारदाता र परियोजनाले संयुक्त रूपमा गरेका थिए ।




## वृत्ति मार्ग निर्देशन कार्यक्रम संचालन

बागमती प्रदेशमा ७ वटा पालिकाद्वारा ६ वटा शिक्षालयसँग वृत्ति मार्ग निर्देशन (Career Guidance) कार्यक्रम संचालन गर्नको लागि सम्झौता भएको छ । जसबाट १०० जना शिक्षकले वृत्ति मार्ग निर्देशन तालीम प्राप्त गरेका छन् भने १४७६ जना छात्रा सहित जम्मा २८९४ जना विद्यार्थीहरु वृत्ति मार्ग निर्देशन कार्यक्रमबाट लाभान्वित भएका छन् । लुम्बिनी प्रदेशमा ६८ वटा सामुदायिक तथा संस्थागत  विद्यालयका ११४ जना शिक्षकलाई वृत्ति मार्ग निर्देशन तालीम सम्पन्न भएको र  विद्यालयहरुमा वृत्ति मार्ग निर्देशन सत्र संचालन भएबाट ११४७  जना  विद्यार्थीहरु लाभान्वित भएका छन् । त्यसैगरी प्रदेश एकमा ९४ जना शिक्षकलाई वृत्ति मार्ग निर्देशन तालीम दिइएको छ । विराटनगर, दुहबी, बुढीगंगा, त्रियुगा, इटहरी, र सूर्योदय गरी ६ वटा स्थानीय पालिकाका ३७ वटा सामुदायिक विद्यालयहरुमा वृत्ति मार्ग निर्देशन कार्यक्रम शुरू भएको र ३०१८ जना विद्यार्थीहरु सो कार्यक्रमबाट लाभान्वित भएका छन् ।

वृत्ति मार्ग निर्देशनका लागि आवश्यक स्रोत सामग्रीको तयारी, निर्माण र परिमार्जन तथा प्रकाशन गरी वितरण भएको छ । यसैगरी स्थानीय सरकार र निजि क्षेत्रको सहकार्यमा ४ वटा वृत्ति मार्ग निर्देशन तथा रोजगार मेला सम्पन्न भएको छ । जसमा विराटनगर महानगरपालिका र मोरङ्ग व्यापार संघ, दमक नगरपालिका र दमक उद्योग बाणिज्य संघ, भरतपुर महानगरपालिका र रत्ननगर नगरपालिका तथा बुढानिलकण्ठ नगरपालिकाले स्थानीय उद्योग वाणिज्य संघसँग सहकार्य गर्दै संयुक्त रूपमा वृत्ति मार्ग निर्देशन तथा रोजगार मेला आयोजना गरिएको थियो ।




## छोटो अवधिको कार्यगत तालीम संचालन

कार्यगत अभ्यास सहितको तालीम सञ्चालनका लागि विभिन्न पेशागत संघ, संस्था, उद्योगी, व्यवसायी, रोजगारदाता तथा तालीम प्रदायक संस्थासँग अन्तरक्रिया सम्पन्न भयो । बागमती प्रदेशमा ७ वटा पालिकाद्वारा ७ वटा शिक्षालय छनौट गरी तालीम संचालनका लागि सम्झौता गरिएको छ । ११ वटा पालिका, तालीम प्रदायक संस्थाहरु र उद्योग व्यवसायका प्रतिनिधिहरु सम्मिलित ३५ जनालाई कार्यगत अभ्यास सहितको तालीम कार्यक्रम सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । प्रदेश एकमा विराटनगर, बुढीगंगा, दुहबी,  इटहरी र धनकुटा गरी ५ वटा स्थानीय पालिकाद्वारा १०० जनाको लागि ५ वटा शिक्षालय छनौट गरी तालीम संचालन सम्झौता भैसकेको छ ।

१९९६ घण्टाको कार्यगत अभ्यास सहितको पेशागत तालीम (Training with OJT) कार्यक्रमको भर्ना प्रक्रिया सम्पन्न भई ४ वटा प्राविधिक शिक्षालयमा ४०/४० जना र ५ वटा प्राविधिक शिक्षालयमा ८०/८० जना गरेर जम्मा ५६० जना प्रशिक्षार्थीहरुलाई पेशागत कुक, इलेक्ट्रिसियन, प्लम्बर र मोटरसाईकल मेकानिकल पेशाको तालीम लिईरहेका छन् । थप १७७० जना प्रशिक्षार्थीका लागि  पेशागत तालीम सञ्चालन गर्न निजी प्राविधिक शिक्षालयहरू छनौटको प्रक्रियामा रहेको छ ।



## सीप स्तरोन्नति तालीम सञ्चालन

परियोजना सहयोग इकाई (पिएसयू) ले औद्योगिक प्रतिष्ठानहरूमा कार्यरत कामदारहरूको सीप अभिवृद्धिको लागि कामदारको सीप स्तरोन्नति तालीम (Workers Further Training, WFT) सञ्चालन गर्न व्यावसायिक कम्पनी, उद्योगहरू र १२ स्थानीय पालिकासँग छलफल एवं परामर्श गरेको छ । विभिन्न पेशामा कार्यरत कामदारका सीप स्तरोन्नति तालीमको लागि ४० वटा पेशामा पाठ्य संरचना तयार भएका छन् । इलेक्ट्रिसियन पेशासंग सम्बन्धित इच्छुक एसोशिएसनहरूबाट तालीम सञ्चालनको लागि आशय पत्र माग गरेर २४० जना कामदारहरुलाई सीप स्तरोन्नति तालीम शुरू भएको छ ।

त्यसैगरी परिषद् अन्तर्गत तालीम विकास महाशाखामा रहेको परियोजना कार्यान्वयन इकाई (पिआयू) ले औद्योगिक प्रतिष्ठानहरूमा कार्यरत कामदारहरूको सीप स्तरोन्नति तालीम सञ्चालनको लागि गत भाद्र १७ गते मनसाय पत्र पेश गर्न सार्वजनिक सूचना प्रकाशित गरेको थियो । जसमा निर्माण तथा सिभिल ईन्जिनियरिङ्ग तर्फ मेसनमा ३४० जना र प्लम्बरमा १०० जना, ईलेक्ट्रोनिक्स तर्फ मोवाइल फोन रिपेयररमा ३४० जना, सिसिटिभी जडानमा २०० जना, एलसिडी, एलइडी टिभी मर्मत प्राविधिकमा १०० जना, अटोमोवाइल तर्फ लाइट भेइकल इलेक्ट्रिक मेकानिकमा १६० जना, लाईट भेइकल ईन्जीन मेकानिकमा १६० जना, मोटरसाईकल मेकानिकमा १४० जना, कम्प्युटर (आईटी) तर्फ कम्प्युटर अपरेटरमा २०० जना, कम्प्युटर हार्डवेयर टेक्निसियनमा २०० जना र कम्प्युटर नेटवर्क टेक्निसियनमा १०० जना, ग्राफिक डिजाइनरमा २०० जना, मेकानिकल तर्फ वेल्डरमा १०० जना, रेफ एण्ड एसी मेकानिकमा २०० जना, अल्मुनियम फेब्रिकेटरमा १०० जना, ईलेक्ट्रिकल तर्फ मोटर रिवाईन्डरमा १६० जना, बिल्डिङ्ग ईलेक्ट्रिसियनमा ६०० जना, ईन्डष्ट्रियल ईलेक्ट्रिसियनमा ६०० जना, ईलेक्ट्रिकल होम एप्लायन्स रिपेयररमा १०० जना र हस्पिटालिटि सेक्टरका कन्टिनेन्टल कुजिन कुक १०० जना, चाइनिज कुजिन कुक १०० जना, इन्डियन कुजिन कुक २०० जना, बेकर १६० जना, बरिष्ता ३४० जना रहेको छ । यस आ.व. मा परियोजना तर्फको बजेट तथा कार्यक्रममा व्यवस्था भएको ५००० जना लाई दिइने ९६ घण्टा अवधिको निःशुल्क वर्कर्स फर्दर ट्रेनिङ्ग कार्यक्रमको लागि २६ वटा प्याकेजमा माथि उल्लेखित पेशा, व्यवसायमा तालीम सञ्चालनार्थ प्राप्त भएका मनसाय पत्र मुल्याङ्कनको काम अन्तिम चरणमा रहेको छ ।

**सीप हुन्छ हातमा, रोजगारी साथमा**

# सक्षमता परियोजना

नेपालको दिगो विकासमा रोजगारीको अवसर सृजना गरेर मानविय पूँजीमा लगानी मार्फत समावेशी र दिगो विकासमा योगदान पुऱ्याउने लक्ष्य अनूरुप नेपाल सरकार र युरोपियन यूनियन बीच डिसेम्बर २०१६ मा भएको सम्झौता बमोजिम प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम (TVET) कार्यक्रमका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत सक्षमता परियोजना सञ्चालित छ ।

गत आ.व. २०७८/०७९ सम्म परिषद् कार्यालय र मातहतका आङ्गिक तथा सम्बन्धन प्राप्त शिक्षालयहरुमा कार्यरत प्रशिक्षक तथा कर्मचारीहरुलाई प्राविधिक प्रशिक्षण प्रतिष्ठान मार्फत परियोजनाको सहयोगमा भौतिक तथा अनलाइन प्रक्रियाबाट विभिन्न क्षेत्रका २५०० व्यक्ति हप्ताको क्षमता अभिवृद्धि तालीम सञ्चालन भैसकेको छ। साथै पाठ्यक्रम विकास र सीप प्रमाणीकरण अन्तर्गत पाठ्यक्रम विकास महाशाखाको समन्वय तथा रोजगारदाताको संलग्नतामा पर्यटन, कृषि र निर्माण क्षेत्रका १५ वटा नयाँ पाठ्यक्रम निर्माण र १५ वटा पाठ्यक्रम परिमार्जन गर्ने लक्ष्य राखिएकोमा हालसम्म १४ वटा पाठ्यक्रम निर्माण र १५ वटै पाठ्यक्रम परिमार्जन कार्य सम्पन्न भई सकेको छ। त्यसैगरी राष्ट्रिय सीप परीक्षण समितिको समन्वय तथा रोजगारदाताको संलग्नतामा पर्यटन, कृषि र निर्माण क्षेत्रका १५ वटा नयाँ सीप प्रमाणीका निर्माण र १५ वटा सीप प्रमाणीका परिमार्जन गर्ने लक्ष्य राखिएकोमा हालसम्म १२ वटा सीप प्रमाणीका निर्माण र १५ वटा परिमार्जन भई सकेको छ।

सक्षमता परियोजनाको मूख्य कार्य क्षेत्रहरु मध्ये प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम क्षेत्रमा गुणस्तर सुनिश्चिचता एवं प्रत्यायन म्यानुअल (Quality Assurance & Accreditation Manual) विकास भई सो म्यानुअलको परीक्षण परिषद्को तीन वटा आङ्गिक शिक्षालय तथा परियोजनाको सेन्टर अफ एक्सिलेन्स शिक्षालयहरुमा पोखरा प्राविधिक शिक्षालय, पोखरा, लहान प्राविधिक शिक्षालय, लहान र टिकापुर बहुप्राविधिक शिक्षालय, टिकापुरबाट गरी परियोजनाको गुणस्तर सुनिश्चितता विज्ञवाट तीन दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। अभिमूखिकरण कार्यक्रममा प्राप्त सुझाव अनुसार म्यानुअलमा आवश्यक परिमार्जन गरी परिषद् कार्यालय, प्रादेशिक कार्यालय तथा परियोजनाको उत्कृष्टता केन्द्रहरू (सेन्टर अफ एक्सिलेन्स) का रुपमा स्थापित शिक्षालयहरुमा गुणस्तर सुनिश्चितता एकाई (QA Unit) स्थापना गर्न प्रक्रिया अघि बढेको छ। साथै म्यानुअलको कार्यान्वयनको लागि सातै वटा प्रदेशमा अन्तरक्रिया कार्यक्रम मार्फत प्रदेश कार्यालय, आङ्गिक, साझेदारी, टेक्स तथा निजी शिक्षालय अन्तर्गतका कर्मचारीहरुलाई अभिमुखिकरण गरिएको छ ।

त्यसैगरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको क्षेत्रमा वैकल्पिक प्रशिक्षण प्रणाली अन्तर्गत कोभिड १९ को महामारीको कारणले बन्दाबन्दी रहेको स्थितिमा दूर तथा अनलाईन शिक्षाको लागि ३०३ वटा अनलाईन पाठ्य सामग्री (E–TLM) तयार गरी पठन पाठनको लागि खुला गरिएको छ । यसका साथै विज्ञद्वारा सातवटै प्रदेश कार्यलयका सूचना प्रविधि अधिकृतहरुलाई ई-लर्निङ्ग सम्बन्धी अभिमुखिकरण समेत गरिएको छ। परियोजनाले ई-लर्निङ्ग प्रणालीको विकास तथा विस्तार गर्ने उद्देश्यले परिषद्का २५ वटा आङ्गिक शिक्षालय तथा पोलिटेक्निकहरुमा सूचना संचार तथा प्रविधि कक्ष स्थापना गरिएको छ भने सात वटा प्रदेश कार्यालय र तीन वटा उत्कृष्टता केन्द्र गरी जम्मा १० वटा केन्द्रलाई सूचना संचार तथा प्रविधि उपकरण प्रदान गरिएको छ । यस परियोजनाको सहयोगमा पर्यटन, कृषि र निर्माण क्षेत्रमा उत्कृष्टता केन्द्रको विकास गर्ने हेतुले क्रमशः लहान प्राविधिक शिक्षालय, टिकापुर बहुप्राविधिक शिक्षालय, पोखरा प्राविधिक शिक्षालयमा आधुनिक प्रयोगशाला निर्माण गरिएको छ। साथै परिषद्का थप ४ वटा शिक्षालयहरुमा सुम्निमा बहुप्राविधिक शिक्षालय, भोजपुरमा सिभिल, मदन पोखरा बहुप्राविधिक शिक्षालय, पाल्पामा कृषि, भरतपुर बहुप्राविधिक शिक्षालय, चितवनमा पर्यटन र शहिद नेत्रलाल बहुप्राविधिक शिक्षालय, सल्यानमा सर्भेका लागि परियोजनाको सहयोगमा आधुनिक प्रयोगशाला निर्माण गरिएको छ ।

अन्तरराष्ट्रिय भ्रमण, गोष्ठी र स्थानीय तथा विभिन्न तहका सरोकारवालाहरुसँगको पटक पटकको छलफल र सेमिनारले यस क्षेत्रको विकास र विस्तारमा सहयोग पुऱ्याएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम (TVET) क्षेत्रका प्रशिक्षक तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि, निजी क्षेत्र तथा रोजगारदाताको सहभागितामूलक सीप प्रमाणीका तथा पाठ्यक्रम निर्माण, गुणस्तर सुनिश्चितता प्रणालीको विकास र प्रादेशिक तथा स्थानीय तहका सरकार र सरोकारवालासँग TVET विकास र विस्तारको सम्बन्धमा समन्वय र सहकार्य गर्न यस परियोजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।





# SEECS परियोजना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आङ्गिक शिक्षालयहरुमा गुणस्तरीय तालीम संचालनका लागि शिक्षालय सुदृढिकरण तथा प्राचार्य तथा प्रशिक्षकहरूको विकास, रोजगार तथा स्व-रोजगारका क्षेत्रमा रोजगारदाताहरुलाई सहभागिता गराई विस्तार गर्ने उद्देश्यका साथ परिषद्का आङ्गिक शिक्षालयहरुमा रोजगारदाताको सहभागिता सुदृढिकरण कार्यक्रम (Strengthening Employers' Engagement in CTEVT Schools, SEECS) संचालन भएको हो ।

दक्षता परियोजनाको सहयोगमा सञ्चालित यस परियोजना सुरुमा परिषद्का नौ वटा आङ्गिक शिक्षालय मार्फत सञ्चालनमा आएको र थप चार वटा आङ्गिक शिक्षालयमा परियोजनाका कार्यक्रमलाई विस्तार गरिएको थियो । परियोजनाले अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको निर्माण, कृषि र पर्यटन तीन वटै क्षेत्रमा विविध कार्यक्रमहरु सञ्चालन गरिएको थियो । युरोपियन युनियनको तीन मिलियन यूरो बराबरको आर्थिक सहयोगमा ब्रिटिस काउन्सिलको व्यवस्थापन र दक्षताको प्राविधिक सहयोग रहेको यस परियोजना २०१९ डिसेम्वर देखि २०२२ सेप्टेम्वरसम्म सञ्चालित थियो ।




## परियोजनाको मूख्य कार्यक्षेत्रहरू

- रोजगारदाताहरुको प्रत्यक्ष सहभागितामा प्रत्येक शिक्षालयमा रोजगार सूचना तथा परामर्श समिति (Employers Information and Counselling Committee (EICC) को गठन,
- श्रम बजारमा क्रियाशिल रोजगारदाताहरूको माग बमोजिम पाठ्यक्रम निर्माण तथा तालीम कार्यक्रम सञ्चालन,
- शिक्षालयमा आवश्यक औजार, उपकरणको थप व्यवस्थापन,
- प्रशिक्षकहरुलाई आवश्यक औद्योगिक सीपको अभिवृद्धि तथा क्षमता विकास,
- प्रशिक्षक, प्रशिक्षार्थीहरूमा उद्यमशिलताको विकास,
- लैङ्गिक समानता तथा सामाजिक समावेशिता मार्फत सबैलाई समान पहुँच विस्तारका लागि सहयोग,
- शिक्षालय संचालनमा शिक्षालय प्रमुख तथा कार्यक्रम संयोजकहरूको नेतृत्व विकास तथा क्षमता अभिवृद्धि,
- वृत्ति परामर्श, मार्गदर्शन एवम् रोजगारमूखी सीपको विकास,

## परियोजनाबाट सम्पादन भएका मुख्य कार्यक्रमहरू

**शिक्षालय छनौटः** परियोजना कार्यान्वयनका लागि शुरूमा छनौट भएका ९ वटा आङ्गिक शिक्षालयहरुमा कृषि तर्फ कर्णाली प्राविधिक शिक्षालय, जुम्ला, टिकापुर बहुप्राविधिक शिक्षालय, कैलाली, रत्न कुमार बान्तवा बहुप्राविधिक शिक्षालय, ईलाम, निर्माण क्षेत्रका लागि राप्ती प्राविधिक शिक्षालय, दाङ्ग, वि.पी. स्मृति बहुप्राविधिक शिक्षालय, जनकपुर, गोरखा बहुप्राविधिक शिक्षालय, गोरखा र होटल तथा पर्यटन क्षेत्रका लागि धौवलागिरी प्राविधिक शिक्षालय, मुस्ताङ्ग, पोखरा प्राविधिक शिक्षालय, पोखरा र नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, बनेपा रहेका छन् । पछि कृषिमा दुईवटा भिमदत्त बहुप्राविधिक शिक्षालय, बैतडी र तेह्रथुम बहुप्राविधिक शिक्षालय, तेह्रथुम, निर्माण र होटल तथा पर्यटनमा एक/एक शिक्षालयहरू क्रमशः आँधिखोला बहुप्राविधिक शिक्षालय, स्याङ्जा र भरतपुर बहुप्राविधिक शिक्षालय भरतपुर थप गरी चारवटा शिक्षालयहरूमा कार्यक्रम विस्तार गरिएको थियो ।

**तालीम कार्यक्रम तथा कार्यशालाः** परियोजना अवधिमा दक्षताबाट सहयोग गरिएका नौ वटा शिक्षालयहरुमा श्रम बजारको मागमा आधारित छोटो अवधिका तालीमबाट १७० जना लाभान्वित भएका छन् । जसमध्ये कृषि अन्तर्गत बेमौसमी तरकारी उत्पादक र सामुदायिक कृषि सहायक गरेर ५५ जना, निर्माण क्षेत्रमा लोकल रोड सुपर भाइजर र कन्ट्रक्सन वर्कर गरेर ५८ जना, तथा होटल तथा पर्यटन तर्फ साना होटल तथा लज सहायक, साधारण कुक, र बेकरी गरेर ५७ जनाले तालीम सम्पन्न गरेका छन् ।

परियोजनाका मूख्य कार्यक्रमहरुलाई अन्य शिक्षालयमा कार्यान्वयन र विस्तारका लागि SEECS Learning, Sustainability & GESI Plans बिषयक दुई दिवसीय कार्यशाला गत असोज ७ र ८ गते भतपुर, चितवनमा सम्पन्न भएको थियो। त्यसैगरी दक्षताबाट सहयोग गरिएका १३ वटा शिक्षालयहरुको माग अनुसार छोटो अवधिका तालीमबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति अनुरुपका २६० जना GESI समुदाय लाभान्वित भएका छन् जसमा १२३ जना महिलाको सहभागिता रहेको थियो ।

**नेतृत्व विकास तथा अध्ययन भ्रमण:** परियोजनाकै कार्यक्रम अनुसार मिति २०७९ भदौ ६ देखि १० गतेसम्म कोलोम्बो प्लान स्टाफ कलेज (CPSC), मनिला, फिलिपिन्समा Customized Program on Crafting a Culture of Quality–Assured TVET in Nepal and Institution–Industry Collaboration for Employability विषयक पाँच दिवसीय तालीम सम्पन्न भयो । सो वैदेशिक तालीममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका कर्मचारी, प्रतिनिधि, परिषद् केन्द्रिय कार्यालय तथा दक्षताको सहयोग रहेका शिक्षालयका प्राचार्य, प्रशिक्षक तथा कर्मचारीहरु गरी २८ जनाको सहभागिता रहेको थियो ।





# सफलता प्राप्तिका लागि परिश्रम नै अनिवार्य रहेछ

मेरो नाम बिवेचना बिष्ट हो । मेरो घर हालको शैल्यशिखर नगरपालिका-२, भोल्ले, गोकुलेश्वरमा पर्दछ । २०७२ सालमा एसएलसी उत्तीर्ण गरेपछि कहाँ जाने, कुन बिषय पढ्ने, त्यो विषय किन पढ्ने, त्यो पढेपछि के हुन्छ ? भन्ने अनेकौं प्रश्नहरू म मा पनि थियो । एकदिन अभिभावकसँग जिल्लाकै लोकप्रिय श्री लटिनाथ माध्यमिक विद्यालय, चौपातामा पुगें । सामुदायिक विद्यालयमा सिटिईभिटीको कार्यक्रम सञ्चालन भएको उक्त विद्यालयको बारेमा दिएको जानकारी एवं प्रधानाध्यापकज्यूसँगको छोटो कुराकानीले मलाई प्राविधिक शिक्षा अध्ययन गर्न प्रेरित गऱ्यो ।

मैले प्राविधिक शिक्षामा डिप्लोमा कोर्ष अध्ययन गर्ने निधो गरेर वर्गिकृत छात्रवृत्तिमा फाराम भरें । सिटीईभीटीले लिएको प्रवेश परीक्षामा सफल भएर निःशुल्क छात्रवृत्तिमा पशु विज्ञान पढ्ने अवसर पाएँ । विद्यालय मेरो घरबाट नजिक थिएन पहिलो पटक घर परिवार छोडेर पढ्नकै लागि बाहिर डेरा गरी बस्नु पर्दा दुई-चार महिना त केही असहज भयो नै तर प्राविधिक शिक्षामा नै मैले आफ्नो भविष्य देखेको हुँदा आफ्नो अध्ययन तर्फ केन्द्रित भएँ । शुरूका केही दिनहरुमा नयाँ शिक्षक, नयाँ परिवेश, नौलो बिषय वस्तुमा घुलमिल हुन कठिन त भयो नै, तैपनि नियमित सैद्धान्तिक कक्षा र प्रयोगात्मक अभ्यास र आफ्नो मेहनतले गर्दा परीक्षामा राम्रो नतिजा ल्याउन सफल भएँ ।

तीन बर्षे डिप्लोमा अध्ययन पूरा भएपछि भावि योजनाको रुपमा पहिले लोकसेवा तयारी गर्ने र दोस्रो विकल्पका रुपमा आफ्नै क्षेत्रमा कृषि भेटनरी व्यवसाय सञ्चालन गरी स्व-रोजगार बन्ने थियो । मेरो मेहनत र परिश्रमले गर्दा पहिलो प्रयासमै लोक सेवा उत्तीर्ण गरी सरकारी सेवामा प्रवेश गर्न सफल भएँ । यो सम्पूर्ण सफलता मेरो एक्लो प्रयासले मात्र नभई मेरो परिवार, मैले प्राविधिक शिक्षा अध्ययन गरेको विद्यालय, त्यहाँका प्राचार्य एवं गुरुजन र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को कारणले प्राप्त भएको हो, उहाँहरू सबै प्रति म हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

भर्खरै एसएलसी सकेका वा माध्यमिक तहमा पढ्दै गरेका भाई बहिनीहरुलाई पनि आफ्नो रुचि, चाहना र आवश्यकताका आधारमा प्राविधिक शिक्षा अध्ययन गरी सीपयुक्त हुन अनुरोध गर्दछु । मैले बुझेको के हो भने मेहनतले हामीलाई एकदिन अवश्य सफलताको शिखरमा पुऱ्याँउछ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्द्वारा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रमहरुबाट उच्च शिक्षा अध्ययन गर्ने, सरकारी, गैर-सरकारी र निजी क्षेत्र तथा वैदेशिक रोजगारीमा जाने सम्पूर्ण सम्भावनाहरु खुल्ला रहेका छन् । जीवनमा ईच्छा र चाहना भएपछि गर्न नसकिने र असम्भव भन्ने कुरा केही पनि हुदैन रहेछ र मेहनतबाट प्राप्त उपलब्धीले नै खुशी प्राप्त गर्न सकिने रहेछ ।



## अनुरोध

CTEVT News Bulletin मा वर्ष १९ अङ्क १ देखि सफलताको कथा र शिक्षालय परिचय नामक नयाँ नियमित स्तम्भ प्रकाशित गरिदै आएकोले परिषद्बाट सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रमबाट प्रशिक्षित भई अरुलाई प्रेरणा दिने खालका सफलताका कथाहरु र प्राविधिक शिक्षालयको संक्षिप्त परिचयात्मक गतिविधिहरु झल्कने लेख तथा फोटाहरु सूचना तथा अनुसन्धान महाशाखाको इमेल ठेगाना researh@ctevt.org.np मा उपलब्ध गराईदिनु हुन हार्दिक अनुरोध गर्दछौं । - सम्पादक मण्डल

# श्री लटिनाथ नमूना माध्यमिक विद्यालय



सुदूरपश्चिम प्रदेश अन्तर्गत दार्चुला जिल्ला सदरमुकामबाट करिब ५० कि.मी. दक्षिण पश्चिमको लेकम गाउँपालिका वडा नं. ०५ चौपातामा अवस्थित श्री लटिनाथ नमूना माध्यमिक विद्यालयको स्थापना वि.सं. २०११ माघ ९ गते वसन्त पञ्चमीका दिन भएको हो । वि.सं.२०५७ सालमा परिषद् बाट पहिलो पटक १५ वटा सामुदायिक विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम (एनेक्स स्कुल) सञ्चालन गर्ने नेपाल सरकारको नीति तथा कार्यक्रम अनूरुप यस विद्यालयले स्थानीय समुदायमा प्राविधिक शिक्षाको पहुँच विस्तार गर्ने अवसर पाएको हो । विद्यालयमा हाल प्रि-डिप्लोमाका ३ र डिप्लोमा तहका ३ वटा गरी जम्मा ६ वटा प्राविधिक शिक्षाका कार्यक्रमहरु सञ्चालित छन् । प्रि-डिप्लोमा तर्फ १८ महिने प्लान्ट साइन्स, लाईभस्टक प्रोडक्सन एण्ड एनिमल हेल्थ र सिभिल इन्जिनियरिङ्ग छन् भने डिप्लोमा तर्फ एग्रिकल्चर प्लान्ट साइन्स, एनिमल साइन्स र डिप्लोमा इन फरेष्ट्रीका कार्यक्रम छन् ।

प्राविधिक शिक्षाको शुरुवात गर्ने यो विद्यालय जिल्लाकै पहिलो र सुदूरपश्चिमको तेस्रो विद्यालय हो । नेपालको शैक्षिक गुणस्तरको केन्द्रको रुपमा विकास गर्दै बृहत सामाजिक रुपान्तरणको संवाहक बनाउने यस विद्यालयको दूरदृष्टि रहेको छ भने बालमैत्री वातावरणमा साधारण र प्राविधिक शिक्षामा उच्चतम सिकाई उपलब्धी सुनिश्चित गरी समुदायमूखी प्रतिस्पर्धी, सीपमूखी, नैतिक र देशभक्त असल नागरिक उत्पादन गर्ने नेतृत्वदायी नमूना शैक्षिक संस्थाको रुपमा विकास गर्ने लक्ष्य रहेको छ। यस विद्यालयमा १६ वटा सुबिधा सम्पन्न भवनहरुमा २७ वटा कक्षाकोठाहरु, छात्रावास, अतिथि गृह, चमेना गृह, मेघा हल, पुस्तकालय, कम्प्युटर ल्याव, भौतिक विज्ञान ल्याव, जीव विज्ञान ल्याव, रसायन विज्ञान, सिभिल ल्याव, कृषि ल्याव, भेटेरिनरी क्लिनिक, फरेष्ट्री ल्याव र सो का लागि आवश्यक शैक्षिक सामग्रीहरू रहेका छन् । कृषिका विद्यार्थीहरुको प्रयोगात्मक अभ्यासको लागि आधुनिक कृषि फार्मको व्यवस्था छ। विद्यालयको आफ्नै स्वामित्वमा २०० रोपनी जग्गा रहेको छ भने २० कोठे छात्रावास र प्रशासनिक भवन निर्माणाधिन छ ।

हाल यस विद्यालयमा १०५८ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् भने ४८ जना शिक्षक कर्मचारी कार्यरत छन् । यस विद्यालयमा प्राविधिक शिक्षा अध्ययन गर्न सुदूरपश्चिम र कर्णाली प्रदेशका विभिन्न जिल्लाहरुबाट विद्यार्थीहरु आउने गर्दछन् । शिक्षा मन्त्रालयबाट ३ पटकसम्म पुरस्कृत भएको यो विद्यालय वि.सं. २०६४ सालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् बाट देशभरीका सामुदायिक विद्यालयहरुमध्ये उत्कृष्ट विद्यालय घोषित भई एक लाख नगद पुरस्कार र प्रमाणपत्र प्राप्त गर्न सफल भएको थियो । लोकसेवा आयोग तथा अन्य निकायहरूले लिने विभिन्न परीक्षाहरुमा यस विद्यालयबाट उत्तीर्ण गरेका विद्यार्थीहरुले उल्लेख्य सफलता हासिल गरेको पाईन्छ । विद्यार्थीको चौतर्फी विकासको लागि विभिन्न समयमा अतिरिक्त क्रियाकलापहरु, खेलकूद प्रतियोगिताहरु, शैक्षिक र पेशागत परामर्श कक्षाहरु सञ्चालन हुने भएकोले विद्यार्थीले किताबी ज्ञानको साथ साथै व्यवहारिक ज्ञान सीप पनि सिक्न पाउँछन् ।

विद्यार्थीलाई स्वावलम्बी बनाउन र श्रमसँग अभ्यस्त गराउन विद्यालयले **सिक, कमाउ र तिर** को अवधारणा अनुसार बाख्रा पालन, माहुरी पालन, माछा पालन र तरकारी खेतीमा विद्यार्थीहरुलाई सक्रिय रहेको पाईन्छ। यस विद्यालयले हालसम्म प्राविधिक शिक्षा तर्फ प्रि-डिप्लोमा तर्फ प्लान्ट साइन्समा ३४५, एनिमल साइन्समा १९०, सिभिल सव ओभरसियरमा १७९, डिप्लोमा इन एग्रिकल्चर प्लान्ट साइन्समा २१३, एनिमल साइन्समा १०९ गरी जम्मा १०३६ जना भन्दा बढि विद्यार्थी उत्पादन गरिसकेको छ ।

भौगोलिक विकटता भएतापनि यस विद्यालयमा आफ्ना बालबालिकाहरुलाई प्राविधिक शिक्षा पढाउन चाहने अभिभावकको संख्या अत्याधिक भएको र प्राविधिक शिक्षाको लागि यो विद्यालय सुदूरपश्चिममै लोकप्रिय छ ।

# फोटो फिचर

















# फोटो फिचर















